फलफूल विरुवा उत्पादन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३

नेपाल सरकार (सचिवस्तर) मिति २०७३/०६/१२को
निर्णय अनुसार स्वीकृत

नेपाल सरकार
कृषिविकासमन्त्रालय
कृषि विभाग
फलफूल विकास निर्देशनालय
श्रावण, २०७३

फलफूल विरुवा उत्पादन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३

प्रस्तावना

नेपालको भौगोलिक तथा हावापानीको विविधताको कारण यहाँ संसारमा पाईने प्रायःजसो प्रमुख फलफूलहरुको खेतीगर्न सकिन्छ । नेपालमा सबै खालका उष्ण प्रदेशिय फलफूल, समशितोष्ण प्रदेशिय फलफूल र शितोष्ण प्रदेशिय फलफूलको खेती गर्न सकिन्छ । देशको करिव दुई–तिहाई जनसंख्या आश्रित रहेको र कुल गार्हस्थ उत्पादन (GDP) मा एकतिहाई हिस्सा भन्दा बढी योगदान पुर्याई रहेको वर्तमान कृषि क्षेत्रको कूल कृषि गार्हस्थ उत्पादन (AGDP) मा करिव एक–चौथाई योगदान वागवानी उप क्षेत्रको रहेको र यस मध्ये करिव आधा हिस्सा योगदान फलफूलजन्य उत्पादनवाट हुने गरेको देखिन्छ । फलफूल खेतीको प्रशस्त सम्भावना हुंदाहुदै पनि एकातिर क्षेत्रफल विस्तारमा आवश्यकता अनुसार गति लिन सकिरहेको छैन भने अर्कोतिर भएको फलफूल क्षेत्रहरुवाट उत्पादन र उत्पादकत्वमा गति लिन सकेको छैन । यस्को प्रमुख कारणहरु मध्ये गुणस्तरीय फलफूल वेर्नाको आवश्यक मात्रामा उपलब्ध नहुनु पनि एक हो । यसै परिप्रेक्ष्यमा नेपाल सरकार, कृषि विकास मन्त्रालयले वि.सं. २०७५ लाई र आ.ब. २०७५/७६ देखि २०८४/८५ सम्म फलफूल दशक मनाउने लक्ष्य लिएको छ । यसै संदर्भमा आवश्यक परिमाण र गुणस्तरमा वेर्ना उपलब्ध गराउनका लागि आ.ब. २०७३/७४ र २०७४/७५मा विरुवा उत्पादन गर्न पूर्वाधारहरु विकास आ.ब.२०७४/७५ देखि नै वेर्ना उत्पादन तथा वितरणकार्य सम्पादन गर्नु पर्ने हुन्छ । तसर्थ टिस्युकल्चर प्रयोगशाला, स्क्रिन हाउस, ग्रीन हाउस वा सेड हाउस जस्ता पूर्वाधारहरुको विकास गरि संचालन गर्न निजी, समूह, सहकारी तथा कम्पनीलाई अनुदान उपलब्ध गराउने उद्श्यले यो कार्यविधि तयार गरी लागु गरिएको छ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम फलफूल विरुवा उत्पादनका लागि **"फलफूल विरुवा उत्पादन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३"** रहेको छ । यो कार्यविधीमा आधुनिक फलफूल नर्सरी स्थापना गर्न आवश्यक पूर्वाधारहरुको विकास गर्न निजी, उद्यमी, समुह, सहकारी तथा कम्पनीलाई अनुदान उपलब्ध गराउने कार्य समेटिएको छ।

(ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भए पछि तुरुन्त लागू हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) पूर्वाधार भन्नाले फलफूल विरुवा उत्पादनका लागि निर्माण हुने टिस्युकल्चर प्रयोगशाला, स्क्रिन हाउस, ग्रीन हाउस वा सेड हाउसहरु भन्ने वुझिनेछ ।"परियोजना" भन्नाले सम्वन्धित पूर्वाधार निर्माण कार्यलाई सम्झनु पर्दछ ।

(ख) फलफूल भन्नाले उष्ण प्रदेशिय फलफूल (आँप, लिची, केरा, मेवा आदि), उपोष्ण प्रदेशिय फलफूल (सुन्तलाजात फलफूल जस्तै सुन्तला, कागति, जुनार आदि) समशितोष्ण प्रदेशिय फलफूल (अनार, लप्सी, कीवी, हलुवावेद आदि) र शितोष्ण प्रदेशिय फलफूल (स्याउ, ओखर, खुर्पानी आदि)पर्दछन् । साथै चिया-कफी (plantation crop) र जैतुनलाइ समेत यस कार्यविधिले समेटेको छ ।

(ग) "उद्यमी" भन्नाले यस कार्यविधि अनुरुप नेपाल सरकारबाट टिस्युकल्चर प्रयोगशाला, स्क्रिनहाउस, ग्रीन हाउस वा सेड हाउस जस्ता पूर्वाधार विकास गर्ने उद्देश्यले आवेदन दिने, व्यक्ती, समूह, सहकारी तथा कम्पनी सम्झनुपर्दछ।

(घ) "प्रस्ताव" भन्नाले उद्यमीले टिस्युकल्चर प्रयोगशाला स्क्रिन हाउस, ग्रीन हाउस वा सेड हाउस जस्ता पूर्वाधार विकास गर्नका लागि अनुदान पाउन पेशगरेको आवेदनको विवरण सम्झनु पर्दछ।

(ङ) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप टिस्युकल्चर प्रयोगशाला स्क्रिन हाउस, ग्रीन हाउस वा सेड हाउस जस्ता पूर्वाधार विकास र संचालन गर्नका लागि सहयोग पुऱ्याउन उपलब्ध गराईने नगद तथा वस्तुगत सहयोग सम्झनु पर्दछ।

(च) "समुह" भन्नाले जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएको कृषक समुह जनाउनेछ ।

(छ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम संवन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनु पर्दछ।

(ज) "व्यक्ति" भन्नाले कृषक वा कृषि व्यवसायी भन्ने सम्झनु पर्दछ ।

(ज) "कम्पनी" भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्टारको कार्यालयमा दर्ताभएको कम्पनी भन्ने बुझ्नु पर्दछ। यस शब्दले घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ।

(झ) स्क्रीन हाउस"स्क्रीन हाउस, तन्तु प्रजनन् प्रयोगशाला, ग्रीन हाउस तथा सेड हाउस" भन्नाले उन्नत प्रविधिवाट तयार गरिएको बिरुवाहरु उत्पादन गर्ने पूर्वाधारलाई जनाउँदछ।

(ञ) "प्राविधिक समिति" भन्नाले परिच्छेद २ कोदफा ६ र ७ अनुसार गठित समिति सम्झनु पर्दछ।

(ट) "निर्देशनालय" भन्नाले "फलफूल विकास निर्देशनालय" सम्झनुपर्दछ।

(ठ) "कार्यालय" भन्नाले कार्यक्रम सञ्चालन हुने जिल्ला कृषि विकास कार्यालय, सम्झनुपर्दछ।

(ड) "फार्म/केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने कृषि विभाग अन्तरगतका फलफूल विकास निर्देशनालय, तथा तरकारी विकास निर्देशनालय र अन्तरगतका वागवानी केन्द्रहरु सम्झनुपर्दछ।

(ढ) "केन्द्र स्तरका कार्यक्रम" केन्द्रय स्तरका कार्यक्रम भन्नाले कृषि विभाग अन्तरगतका फलफूल विकास निर्देशनालय, वा तरकारी विकास निर्देशनालय र अन्तरगतका वागवानी केन्द्र र कृषि अनुसन्धान परिषदवाटै सूचना निकाली सञ्चालन गरिने कार्यक्रम सम्झनु पर्दछ।

(ण) "जिल्ला स्तरका कार्यक्रम" जिल्ला स्तरका कार्यक्रम भन्नाले अख्तियारी प्राप्त गरि जिल्ला कृषि कार्यालयवाटै सञ्चालन गरिने कार्यक्रम सम्झनु पर्दछ।

(त) " निर्देशनालय" निर्देशनालय भन्नाले कृषि विभाग अन्तरगतका फलफूल विकास निर्देशनालय, वा तरकारी विकास निर्देशनालय सम्झनु पर्दछ ।

३. कार्यविधिको उद्देश्यः

(क) निजी क्षेत्रमा टिस्युकल्चर प्रयोगशाला, ग्रीन हाउस, स्क्रीन हाउस, वा सेड हाउस जस्ता पूर्वाधार विकास स्थापना र संचालन गर्न सहयोग गरि गुणस्तरीय फलफूल विरुवा उत्पादन गर्ने।

(ख) गुणस्तरीय विरुवा उत्पादन गर्न व्यक्ति/समुह/सहकारी/कम्पनीलाई सक्षम बनाउने।

(ग) गुणस्तरीय विरुवा उत्पादन गरि फलफूल बालीको उत्पादन तथा उत्पादकत्व बढाउने।

(घ) आ.व. २०७३/७४ बाट लागु हुने फलफूल दशकलाई आवश्यक पर्ने विरुवाहरु उपलब्ध गराउने ।

परिच्छेद२

कार्यक्रम सञ्चालन सम्वन्धि

४ सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने

(क) यस कार्यविधि अनुरुप संभाव्य र आवश्यक पर्ने जिल्ला तथा क्षेत्रहरुमा टिस्युकल्चर प्रयोगशाला, ग्रीन हाउस, स्क्रीन हाउस, वा सेड हाउस जस्ता पूर्वाधार विकास, स्थापना र संचालन गर्ने कार्यमा सरकारका

तर्फबाट सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले सम्वन्धित जिल्ला कृषि विकास कार्यालयले प्रचलीत ऐन नियमावली (सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४) अनुसार म्याद दिई राष्ट्रिय पत्रिका वा सम्वन्धित जिल्लाको स्थानिय पत्रिका लगाएत अन्य विद्युतिय संचार माध्यम मार्फत प्रस्ताव आह्वान गरी अनुसुची १ अनुसारको सूचना प्रकाशन गर्ने छ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरुप उद्यमीले दफा ५ बमोजिमका सबै प्रमाण संलग्न गरी अनुसुची २ बमोजिमको आवेदन प्रस्ताव जिल्ला कृषि विकास कार्यालयमा पेश गर्न पर्ने छ ।

५. आवेदन दिन आवश्यक योग्यताः

यस कार्यविधि अनुरुपको कार्यका लागि देहाय बमोजिमका सबै योग्यता पुगेका उद्यमीहरुले अनुसुचि २ अनुसार आवेदन दिनु पर्ने छ ।

(क) आवेदकको कम्पनी, सहकारी संस्था, समुह वा निजि फर्म कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको।

(ख) टिस्युकल्चर प्रयोगशाला, ग्रीन हाउस, स्क्रीन हाउस वा सेड हाउस स्थापना गरी संचालन गर्न कम्तीमा ३ कट्ठा वा २ रोपनी जग्गा व्यवस्था भई सकेको वा केही पूर्वाधार तयार भइ कार्य सञ्चालन भएको।

(ग) वार्षिक रुपमा कम्तीमा टिस्युकल्चर प्रयोगशालावाट १,००,०००, स्क्रीन हाउस वाट २५,००० वा सेड हाउस/ग्रीन हाउसवाट १५,००० विजु, ग्राफ्टीड वा कटिङ्ग, फलफूलका विरुवा उत्पादन गर्न सक्ने क्षमता भएको संरचनाको डिजाईन र स्थानिय दररेट अनुसार लागत अनुमान तयार गरेको।

(घ) टिस्युकल्चर प्रयोगशाला, स्क्रीन हाउस, वा सेड हाउस/ग्रीन हाउस, जस्ता पूर्वाधार स्थापना र संचालन कार्ययोजना भएको, तोकीएको लागत वमोजिमको योगदान व्यहोर्न सक्ने क्षमता भएको।

(ङ) टिस्युकल्चर प्रयोगशाला स्थापना र संचालनकालागि पूर्वाधार निर्माण पश्चात उपयोगका लागि आबश्यक प्राविधिकको व्यवस्था भएको र अन्य पूर्वाधारकालागि स्वयं दक्ष भएको हुनुपर्ने वा दक्ष प्राविधिकको व्यवस्था भएको हुनुपर्ने।

६. केन्द्र स्तर प्राबिधिक समितिको गठन व्यबस्था

कार्यक्रम संचालनका लागि तपसील अनुसार केन्द्र स्तर प्राबिधिक समितिको गठन हुनेछ।

(१) कार्यक्रम निर्देशक, फलफूल बिकास निर्देशनालय	- अध्यक्ष
(२) वरिष्ठ कृषि अर्थ विज्ञ वा प्रतिनिधि, योजना शाखा कृषि विभाग	- सदस्य
(३) वरिष्ठ कृषि इन्जिनियर वा प्रतिनिधि, कृषि इन्जिनियरिङ्ग निर्देशनालय,	- सदस्य
(४) वरिष्ठ वैज्ञानिक वा अधिकृत प्रतिनिधि, कृषि अनुसन्धान परिषद, वागवानी अनुसन्धान महाशाखा,	- सदस्य
(५) वुरिष्ठ बागवानी विकास अधिकृत वा अधिकृत प्रतिनिधि, राष्ट्रिय सुन्तलाजात बाली विकास कार्यक्रम	- सदस्य
(६) केन्द्रिय वागवानी केन्द्रको नर्सरी हेर्ने अधिकृत	- सदस्य
(७) वरिष्ठ फलफूल विकास अधिकृत, अनुगमन तथा मुल्याङकन शाखा, फलफूल बिकास निर्देशनालय	- सदस्य
(८) लेखा प्रमुख, फलफूल बिकास निर्देशनालय	- सदस्य
(९) योजना हेर्ने वरिष्ठ अधिकृत वा अधिकृत, फलफूल बिकास निर्देशनालय	सदस्य सचिव

यस समितिले उपयुक्त देखेको विषय मिल्ने अन्य पदाधिकारी वा व्यक्तिलाई ३ जना बैठकमा आमन्त्रित गर्न सकिने छ। साथै आवश्यक ठानेमा मुल्याङ्कन उप समिति समेत गठन गर्न सकिने छ ।

७. केन्द्र स्तर प्राबिधिक समितिको काम, कर्तव्य र अधिकार

७.१ केन्द्रिय स्तरका कार्यक्रमहरुको हकमा

क) तोकीएको लक्ष अनुसार कार्य सञ्चालन गर्न कार्यविधी अनुरुप नर्सरी स्थापना गरि गुणस्तरिय बिरुवा उत्पादन गर्ने प्रयोजनकालागि सूचना प्रकाशन गरी सम्बन्धित उद्यमीहरुबाट प्रस्ताव लिने र आवश्यकता अनुसार बैठक बसी निर्णय तथा सिफारिस गर्ने ।

(ख) जैतुनको हकमा आ.व. २०७३/७४ को लागी बजेट वक्तव्यमा उल्लेख भए अनुसार बाजुरा, जाजरकोट, कालीकोट, डोल्पा, मुगु, हुम्ला, बझाङ, डोटी, डडेल्धुरा, रुकुम, रामेछाप, मकवानपूर, सोलुखुम्बु, खोटाङ, मनाङ र मुस्ताङ गरि १६ जिल्लाहरुमा कार्यक्रम सञ्चालन गरिने छ ।

(ग) अनुसूची ३ को मूल्यांकन फर्मेट अनुरुप प्रस्ताव मूल्यांकन गर्ने ।

(घ) मूल्यांकन बमोजिमको योग्यता क्रम अनुरुप परियोजनाको स्थलगत निरिक्षण गरि स्वीकृत बजेटको परिधि भित्र अनुदान उपलब्ध गराउन सिफारिस गर्ने। मुल्याङ्कन कार्यकालागि एक मुल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ ।

(ङ) परियोजना स्थापना र संचालन कार्यको अनुगमन गरी कार्यान्वयनका संबन्धमा मार्गदर्शन दिने।

(च) आवश्यक देखेमा समितिले फिल्ड भेरिफिकेशन गरी रिपोटिङ्ग समेत गर्न सक्ने छ।

७.२ जिल्ला स्तर कार्यक्रमहरुको हकमा

(क) टिस्युकल्चर प्रयोगशाला, ग्रीन हाउस, स्क्रीन हाउस, वा सेड हाउस जस्ता पूर्वाधार विकास, स्थापना र संचालनका लागि मापदण्ड अनुसार डिजाइन तथा नाप नक्सा तयार गर्न जिल्ला कृषि विकास कार्यालय वा सम्वन्धित कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

(ख) परियोजना स्थापना र संचालन कार्यको अनुगमन गरी कार्यान्वयनका संबन्धमा समस्या आएमा मार्गदर्शन दिने।

(ग) आबश्यक देखेमा समितिले फिल्ड भेरिफिकेशन समेत गर्न सक्नेछ।

८. जिल्ला स्तर प्राबिधिक समितिको गठन व्यबस्था

कार्यक्रम संचालनका लागि तपसील अनुसार जिल्लास्तर प्राबिधिक समितिको गठन हुनेछ।

(१) वरिष्ठ कृषि विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय	- अध्यक्ष
(२) अधिकृत प्रतिनिधि, जिल्ला विकास समितिको कार्यालय	- सदस्य
(३) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय	- सदस्य
(४) वागवानी विकास केन्द्र भएका जिल्लामा केन्दको प्रतिनिधि	-सदस्य
(५)सम्वन्धित कृषि सेवाकेन्द्रको प्रमुख	- सदस्य
(६) प्राविधिक अधिकृत प्रतिनिधि, जिल्ला प्राविधिक कार्यालय	- सदस्य
(७) वागवानी विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय	सदस्य सचिव

यस समितिले उपयुक्त देखेको विषय संग सम्वन्धित निकाय तथा व्यक्ति बैठकमा बढिमा ३ जना सम्म आमन्त्रित गर्न सक्नेछ। र केन्द्रिय समिति वा निकायका प्रतिनिधिहरु समेत सहभागी हुन सक्ने।

९. जिल्ला स्तर प्राबिधिक समितिको काम, कर्तव्य र अधिकार

क) जिल्लामा तोकीएको लक्ष अनुसार कार्य सञ्चालन गर्न कार्यविधी अनुरुप नर्सरी स्थापना गरि गुणस्तरिय बिरुवा उत्पादन गर्ने प्रयोजनका लागि जिल्लास्तरमा सूचना प्रकाशन गरि सम्बन्धित उद्यमीहरुबाट प्रस्ताव लिने र आवश्यता अनुसार बैठक बसी निर्णय तथा सिफारिस गर्ने ।

(ख) अनुसूची ३ को मूल्यांकन फर्मेट अनुरुप प्रस्ताव मूल्यांकन गर्ने ।

(ग) मूल्यांकन बमोजिमको योग्यता क्रम अनुरुप परियोजनाको स्थलगत निरिक्षण गरि स्वीकृत बजेटको परिधि भित्र अनुदान उपलब्ध गराउन सिफारिस गर्ने। मूल्याङ्कन कार्यकालागि एक मुल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ ।

(घ) परियोजना स्थापना र संचालन कार्यको अनुगमन गरी कार्यान्वयनका संबन्धमा मार्गदर्शन दिने।

(ङ) आबश्यक देखेमा समितिले फिल्ड भेरिफिकेशन गरी केन्द्र स्तर प्राबिधिक समितिमा रिपोटिङ्ग समेत गर्न सक्ने छ।

परिच्छेद ३
अनुदान रकम स्वीकृति र संझौता

१०.स्विकृत बजेटको अधिकतम २.५ प्रतिशत रकम कन्टेन्जेन्सी कटाइ बाकी रकम परियोजना निर्माण, संचालन, उपकरणहरु तथा सामाग्री ढुवानी समेतको लागि कार्यक्रममा उल्लेख भए बमोजिम रकम अनुदान दिइने छ।

११. स्वीकृत बजेट मध्ये कन्टिन्जेन्सी बापत राखीएको अधिकतम २.५ प्रतिशत रकम कार्यक्रम सञ्चालन गर्ने कार्यालयले सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता आदिमा खर्च गरिनेछ।

१२. प्राविधिक समितिबाट सिफारिस प्राप्त भएपछि सो को आधारमा कार्यालयले उद्यमीसंग अनुसुची ५ अनुसार प्रतिवद्धता लिई अनुसुची ६ बमोजिमको संझौतागरी कार्यदिश सिफारिस गर्ने ।

१३. कार्यक्रम संचालन सम्वन्धि नर्मस् (Norms)

यो कार्यक्रम संचालनकालागि कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्स अनुसारको अनुदान उपलब्ध गराईने छ भने अन्य कार्यक्रमहरु सार्वजनिक खरिद ऐन तथा नियमावली २०६४ को परिधी भित्र रही सम्पन्न गरिनेछ । यस कार्यक्रमका लागि मौजुदा नर्म्समा देहाय बमोजिम हुने गरी प्रस्ताव गरिएको छ ।

१३.१ गुणस्तरीय बिरुवा उत्पादनकालागि नीजि नर्सरी, कृषक समुह तथा सहकारी हरुलाई पुर्वाधार (ग्रीन हाउस, स्क्रीन हाउस, सेड हाउस) निर्माणका लागी ७५% अनुदानमा नयाँ नर्सरी स्थापना वा पुराना नर्सरी सुदृढिकरणमा अनुदान उपलब्ध गराउने ।

१३.२ टिस्युकल्चर ल्याव स्थापना, निर्माण तथा सञ्चालनकालागि पुँजीगत निर्माणमा ५०% अनुदान उपलब्ध गराईनेछ ।

१३.३ अन्य कुराहरु स्विकृत कार्यक्रम अनुसार हुने छ।

परिच्छेद ४
अनुदान रकम उपलब्ध गराउने र खर्चगर्ने विधि

१४. अनुदान प्रवाह बिधि

(क) परियोजना स्थापना र संचालन, कार्यको प्रस्तावकले लागत बराबरको निर्माण तथा खरीद कार्य गरिसके पछि निर्माण कार्यको बिल र स्वीकृत कार्यसम्पन्न प्रतिवेदनको आधारमा किस्तामा रकम भुक्तानी गरिने छ।

(ख) उद्यमीलाइ मेशिन आवश्यक सामाग्री तथा उपकरण जडान र ढुवानी गरेको प्राविधिक प्रतिवेदन र स्थलगत अनुगमन रिपोर्ट अनुरुप २.५ प्रतिशत कन्टेन्जेन्सि कटाइ बाँकी रकम उपलब्ध गराइने छ।

(ग) समितिको सिफारिसमा अनुदान रकम उद्यमीलाई एकाउण्ट पेयी चेक बाट बढिमा ३ किस्तामा उपलब्ध गराइने छ।

(घ) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्वन्धीत कार्यालयले राख्ने छ र सो को प्रगति विवरण फलफूल विकास निर्देशनालयमा पठाउनु पर्नेछ ।

१५. उद्यमीले पालना गर्नु पर्ने सर्तहरु

(क) उद्यमीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण लागत, सम्पन्न अवधि इत्यादीको होर्डिङ बोर्ड निर्माणस्थलमा राख्ने व्यवस्था गर्नु पर्ने छ।

(ख) यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले निर्माण कार्यको तोकीएको प्राविधिकबाट सम्पन्न कामको निरिक्षण गराइ मेजरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नुपर्ने छ।

(ग) सम्वन्धित उद्यमीले सम्पन्न गरेको काम र खर्चको प्रतिवेदन मासिक रुपमा जिल्ला कृषि विकास कार्यालयमा पेश गर्नु पर्नेछ र जिल्ला कृषि विकास कार्यालयले मासिक तथा चौमासक रुपमा फलफूल विकास निर्देशनालयमा पठाउनु पर्दछ।

(घ) कार्य संचालनका क्रममा उद्यमीले कृषि विभाग, फलफूल विकास निर्देशनालय लगायत जिल्ला स्थित कार्यालयहरुबाट दिएको निर्देशनको पालना गर्नु पर्ने छ।

(ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको निर्माण र संचालन कार्यको हिसाव सम्बन्धी किताव हेर्न सक्नेछ। हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुने छ।

(च) विरुवा उत्पादन कार्ययोजना तयार गर्नु पर्ने छ ।

(छ) उत्पादित तथा विक्रि वितरण भएका विरुवाहरुको विवरण माग भएको अवस्थामा सम्वन्धित कार्यालयमा उपलव्ध गराउनु पर्ने छ ।

परिच्छेद५

अनुगमन र विविध

१६. अनुगमन व्यवस्था

(क) अनुदान प्राप्त परियोजना स्थापना र संचालनको अनुगमन कृषि विकास मन्त्रालय, कृषि विभाग लगायत फलफूल विकास निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय, राष्ट्रिय यसुन्तलाजात वाली विकास कार्यक्रम, कफी तथा चिया विकास शाखा, तथा सम्वन्धित क्षेत्रको वागवानी विकास केन्द्र र जिल्ला कृषि विकास कार्यालयले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्नेछन।

(ख) दफा (क) बमोजिम भएको अनुगमन र निर्देशन लिखित अभिलेख/प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ। ।

(ग) दफा (क) वमोजिम लिइएको निर्देशन पालना गर्नु उद्यमीको कर्तव्य हुने छ।

१७.उत्पादन, बितरण र गुणस्तर नियन्त्रण

(क) अनुदान प्राप्त उद्यमीले कम्तीमा ५ बर्ष अबिछिन्न रुपमा फलफूल विरुवा उत्पादन गर्नु पर्नेछ।

(ख) सम्वन्धित जिल्ला कृषि विकास कार्यालयवाट वागवानी विकास अधिकृत वा तोकीएको अधिकृतवाट फलफूल विरुवा उत्पादनको निरीक्षण र आवश्यक परेमा प्रयोगशाला परिक्षण गरेर बेच्न योग्य प्रमाणित भएपछि मात्र जिल्ला कृषि विकास कार्यालय तथा फलफूल विकास निर्देशनलयको समन्वयमा बिक्री बितरण गर्नुपर्ने छ।

ग) परियोजनावाट उत्पादित विरुवा नेपाल सरकारले तोकेको दरमा कम्तीमा ३ वर्ष सम्म उपलव्ध गराउनु पर्दछ । जसका लागि ३ बर्षसम्म निर्देशनालय/केन्द्र मार्फत फलफूल दशक कार्यक्रमहरु संचालन गरिनेछन् ।

१८. कारबाहीको व्यवस्था

(क) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा वा रकमको हिसाव नबुझाएमा त्यस्ता उद्यमीलाई प्रचलित कानुन बमोजिम नेपाल सरकारले कारबाही गरी असुल उपर गर्नेछ ।

१९. बाधा अड्काउ निरुपण, खारेजी एवं संशोधन

(क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा अडचन आई परेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण प्रचलित कानुन वमोजिम हुने छ। कृषि विकास मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

(ख) यस कार्यविधि कृषि विकासमन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

अनुसूची- १

.................परियोजना स्थापनाको अनुदानको सम्बन्धमा प्रस्ताव आव्हानको सूचना

सूचना।सूचना।।सूचना।।।

यस कार्यालयको आर्थिक बर्ष २०७..../..को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .... स्थापनाको कार्यक्रम रहेको हुँदा ईच्छुक व्यक्ति निजि क्षेत्र ,कम्पनी, कृषक समुह तथा सहकारी संस्थाहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .... दिन भित्र .... यस कार्यालयमा तोकिएको ढाँचा (अनुसूचि २) अनुसारको कागजातहरु संलग्न राखी आवेदन एवं प्रस्ताव आब्हान गरिन्छ ।प्रस्ताव बुझाउनका लागि तथा थप जानकारीको लागि यस कार्यालवा वा जिल्ला कृषि विकास कार्यालय .... वा नजिकको कृषि सेवा केन्द्र मा सम्पर्क गर्न सक्नु हुनेछ।

सचिव

अनुसूचि २

..........परियोजना स्थापनाको अनुदानका लागि आवेदन फारम

श्री ....

..........................।

मेरो , कृषि समुह तथा कृषि सहकारी संस्था ,कम्पनीबाट .... गा.वि.स./न.पा., ...जिल्ला अन्तर्गत................ स्थानमा........ ... ...परियोजना स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु .... मध्ये रु. .... मैले/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. .... अनुदान पाउने व्यवस्थाका लागि तपसील वमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु/गरेका छौं।

संलग्न कागज पत्रहरु

१. रु. १०को टिकट टांसेको अनुसूची २अनुसारको आवेदन।
२. नेपाली नागरिकताको प्रतिलिपी।
३.उद्योग,संस्था/कम्पनी दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रतिलिपी
४. जग्गाको लालपुर्जा वा लिजमा लिएको भए प्रतिलिपि
५.संलग्न हुने प्राविधिको व्यक्तिगत विवरण
६. परियोजनाको पूर्वाधारको (मेशिनरी सहित) डिजाईन तथा लागत अनुमान।
७. परियोजनाको पूर्वाधार विकास निर्माण गर्ने कार्य तालिका
८. निजि, फर्म संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार
९. सडक/बिजुली र पानीको स्रोत रहे नरहेको विवरण
१०. उत्पादन कार्य योजनाको बिबरण (अनुसुची ४ बमोजिमको)
११. सेवा पुराउने व्यवसायीक क्षेत्रहरु
१२. संस्था/कम्पनीका साधारण सदस्य संख्या
१३. समुहको हकमा समुह नविकरणको प्रमाण ।
१४ सम्बन्धित काम गरेको आधिकारीक पत्र ।

निवेदक

.........................फर्म/ कम्पनी

...............कृषि सहकारी संस्था

ठेगानाः

फर्म/ संस्थाको छापः

अनुसूचि ३

परियोजना स्थापना, तथा संचालनको लागि अनुदान रकम उपलब्ध गराउने मूल्यांकन फारम

(यो फारमको नमुना मूल्यांकन गर्ने वेला सम्म गोप्यनै राखु पर्दछ)

१. परियोजना स्थापना गर्ने जग्गाको क्षेत्रफल सम्बन्धी व्यवस्था: (२०अंक)

(क) जग्गाको क्षेत्रफल पर्याप्तभएको (३ कट्ठा भन्दा माथि २०अंक)

(ख) जग्गाको क्षेत्रफल ३ कट्ठा (१५ अंक)

ग) परियोजना स्थापना गर्ने संस्थाको जग्गाको स्वामित्व नभएको हकमा

(अ) जग्गाको स्वामित्व कम्तिमा ३ कट्ठा १५वर्ष वा सो भन्दा बढीको लीजमा भएको (१० अंक)

(आ) जग्गाको स्वामित्व कम्तिमा ३ कट्ठा ५ देखि १५वर्ष सम्म अवधिको लिजमा भएको (५ अंक)

२. परियोजना स्थापनाको लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था: (१०अंक)

(क) सडक, बिजुली र सिचाइको सुविधा पर्याप्त भएको (१०अंक)

(ख) बिजुलीको सुविधा, सडक र सिचाइको सुविधा पर्याप्त नभएको (६ अंक)

३. परियोजनाको डिजाइन, साइज र उपयुक्तता (१५अंक)

(क) उपयुक्तता (परियाजनाको specification अनुसार भएको र क्षमता पर्याप्त भएको) १५अंक)

(ख) कम उपयुक्तता (परियाजनाको specification अनुसार भएको र क्षमता कम उपयुक्तता भएको) १०अंक)

४. सम्वन्धीत फलफूलको क्षेत्र विस्तार सँग सामान्जस्य हुनसक्ने संभावना (१०अंक)

(क) उत्पादन क्षेत्रमा नै स्थापना भएको वा हुने भएको (१०अंक)

(ख) उत्पादन क्षेत्रको जिल्लामा स्थापना भएको वा हुने भएको (८ अंक)

५. प्रस्तावित परियोजनाको प्रस्तावको आर्थिक क्षमताको अवस्था (१५अंक)

(क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सक्षम भएको पर्याप्त आधार देखिएको (१५अंक)

(ख) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य देखिएको (१०अंक)

६. उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था (१०अंक)

(क) दफा ५ ग मा तोके भन्दा दुइ गुना वढि उत्पादन गर्ने योजना (संख्या) (१०अंक)

(ख) दफा ५ ग मा तोके जतिमात्र उत्पादन गर्ने योजना (संख्या) (८अंक)

७. जनशक्तिको अवस्था (१५अंक)

नर्सरीको प्रकार	अङ्क भार			
	१५	१०	८	६
टिस्यु कल्चर	कृषि वा वायोटेक मा स्नातकोत्तर	कृषि वा वायोटेक मा स्नातक	कृषि वा वायोटेक मा प्रमाणपत्र तह वा प्रा स ना प्रा स तालिम प्राप्त	टिस्यु कल्चर सम्वन्धि तालिम
अन्य (ग्रिन हाउस, स्क्रीन हाउस तथा सेड हाउस)	कृषिमा स्नातक	कृषिमा प्रमाणपत्र तह वा प्रा स ना प्रा स तालिम प्राप्त	एक महिना वा सो भन्दा वढि अवधिको तालिम लिएको	नर्सरी उत्पादन वा व्यवस्थापन सम्वन्धि एक महिना भन्दा कम तालिम

८. समष्टिगत वातावरण मैत्री सम्भाव्यताको स्थिती (५अंक)

९. मुल्याङ्कन गर्दा अङ्क वरावर आएमा वा समितिले आवश्यक ठानेमा ३ वटा अग्रस्थानका निवेदकको फिल्ड भेरिफिकेसन गरि पेश भएका कागजात अनुसार भए नभएको प्रतिवेदनको आधारमा निर्णय गर्ने छ ।

अनुसूची- ४

कार्य योजना (प्रस्ताव) को संक्षिप्त ढाँचा

१. कृषक समुह/सहकारी/कम्पनी/निजि फर्मको नाम र ठेगानाः

२. परियोजनाको क्षेत्रफलः

३. परियोजना सम्बन्धित अध्ययन/तालिम लिएको भए

(क) तालिम/अध्ययनको बर्ष .... (ख) अबधि .... (ग) प्रदान गर्ने संस्था ....

४. विवरण

क सं	परियोजना बिवरण	क्षमता/आकार	संख्या	अनुमानित लागत (रू.)		
				संस्था बाट व्यहोरिने	अनुदान माग	कुल जम्मा
१						
२						
जम्मा						

५. संलग्न हुने जनशक्तिको विवरण

क सं	विवरण	संख्या	योग्यता	खर्च हुने रकम (रू.)
	प्रयोगशाला वा पुर्वाधार संचालन			
	प्राबिधिक रेखदेख			
	सुरक्षा			

६. बार्षिक विरुवा उत्पादन अनुमान

बर्ष	विवरण (विरुवाको कीसिम)	इकाई	परिमाण	अनुमानित बिक्रिदर (रू.)	अनुमानित आय(रू.)

नयाँ सोंच केही भएउल्लेख गर्नुहोस्...

....

प्रस्तावकको

नाम, थर

संस्थाको छापः (संस्थाको हकमा)

ठेगाना

दस्तखतः

मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा बिस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ।

अनुसूची- ५

प्रतिबद्धता पत्र

.... कार्यालयको मिति २०७..../..../...को सूचना अनुसार फलफूल विरुवा उत्पादन गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेशगरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेगरी घटीमा........... बर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्य योजना अनुसारको कार्य नगरेमा वा....... बर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुंला/बुझाउंला। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सन्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्तगर्दछु/छौं। इतिसम्बत२०७...../....../.....गते रोज ...... शुभम्।

नाम, थरः
संस्था भए संस्थाकोनामः
वतनः
दस्तखतः
मितिः

दायाँ	बायाँ

संस्थाकोछापः

अनुसूची- ६

सम्झौता-पत्र

१. यो सम्झौता पत्र .... कार्यालय .... (प्रथम पक्ष) र सम्बन्धित उद्यमी (दोश्रो पक्ष) बीच............. परियोजना स्थापना र संचालन गरी...........फलफूल विरुवा उत्पादन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले .... दिन भित्र शुरु गर्नु पर्नेछ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृतिअनुसार बढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा २५ प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ। कम्तिमा ५० प्रतिशत कार्य भए पछि दोश्रो किस्ता, र १०० प्रतिशत कार्य सम्पन्न भए पछि अन्तिम किस्ता रकम उपलब्ध गराउन पर्नेछ।

६. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिक समितिले मूल्याङ्कन गरी अन्तिम बिल सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा Visual) तयार गरी दोश्रो पक्षले प्रथम पक्ष सँग अनुरोध गर्नु पर्नेछ । प्रथम पक्षले रीत पूर्वकको सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ।

८. दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाई परियोजना क्षेत्रमा गर्नु पर्नेछ।

....	....
प्रथम पक्षका तर्फबाट	दोस्रो पक्षका तर्फबाट
नाम	नाम
पद	पद
कार्यालयको नाम र छापः	संस्थाको नाम र छापः
साक्षी	साक्षी
नाम थर	नाम थर
ठेगाना	ठेगाना

सचिव